CHHYANGDI Hydropower Ltd.

# नवौं वार्षिक साधारण सभा

अग्रवाल भवन, कमलपोखरी, काठमाण्डौ

२०८० बैशाख २८ गते

## नवौं वार्षिक साधारण सभाको
## निर्णय विवरण (माइन्यूट)

सभा मिति :- २०८०/०१/२८

सभा समय :- विहान ११ :०० वजे

सभा स्थान :- अग्रवाल भवन, कमलपोखरी, काठमाण्डौ


**छ्याङ्दी हाइड्रोपावर लिमिटेड**

गैह्रीधारा, काठमाण्डौ

फोन नं. :-४५२६४८३, ४५२४९२५

इमेल : chhyangdihydropowerltd@gmail.com, वेभसाइट: www.chpl.com.np


CamScanner

CHHYANGDI Hydropower Ltd.

# छ्याङ्दी हाइड्रोपावर लिमिटेडको

## नवौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)

### १. वैधानिक सभा

छ्याङ्दी हाइड्रोपावर लिमिटेडको मिति २०८०/०१/०५ मा बसेको संचालक समितिको ९४औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम आव्हान गरिएको कम्पनीको नवौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष रामेश्वर थापाज्यूको सभापतित्वमा सम्पन्न भयो ।

**नवौं वार्षिक साधारण सभा बसेको मिति, स्थान र समय**

मिति : २०८० साल वैशाख २८ गते विहीवार (तद्नुसार ११ मे, २०२३)

स्थान: अग्रवाल भवन, कमलपोखरी, काठमाण्डौ

समय: बिहान ११:०० बजे

**सभाको सार्वजनिक सूचना**

यस कम्पनीको नवौं वार्षिक साधारण सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा व्यवस्था भए बमोजिम कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुको ठेगानामा पठाइनुका अतिरिक्त नवौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरु समेत उल्लेख गरी शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था वमोजिम मिति २०८०/०१/०६ को अन्नपूर्ण राष्ट्रिय दैनिक र मिति २०८०/०१/२१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

### २. उपस्थिति

**(क) संचालकहरु**

| | |
|---|---|
| १. श्री रामेश्वर थापा | अध्यक्ष |
| २. श्री अमर नाथ श्रेष्ठ | संचालक |
| ३. श्री उदय कुमार पिया | संचालक |
| ४. श्री अशोक बुढाथोकी | संचालक |
| ५. श्री तिना राजभण्डारी | संचालक |
| ६. श्री बैकुण्ठ पौडेल | संचालक |

**(ख) व्यवस्थापन**

| | |
|---|---|
| १. श्री लाल बहादुर थापा | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री रमेश कुमार थापा | कम्पनी सचिव |

**(ग) शेयरधनी उपस्थिति**

| | |
|---|---|
| १) शेयरधनी स्वयं उपस्थिति | : ८३ जना ६,२८,०५६.४३ कित्ता शेयरमा |
| २) प्रतिनिधिवाट | : ४३२ जना १५,०२,११४.०२ कित्ता शेयरमा |
| ३) शेयरधनीहरुको कुल उपस्थिति | : ५१५ जना २१,३०,१७०.४५ कित्ता शेयरमा |



CamScanner

### ३) गणपुरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा स्वयं र प्रतिनिधि | शेयरधनीको प्रतिनिधित्व % |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ४०,७१४ | ८३ | ४३२ | ५१५ | - |
| बाँडफाँड भएको शेयर संख्या | ३८,६९,७७५ | ६,२८,०५६.४३ | १५,०२,११४.०२ | २१,३०,१७०.४५ | ५५.०५% |

### ४) सभाको वैधानिकता

यस कम्पनीको नवौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार भएको वारेमा शेयरधनीहरुलाई यकिन गराउने सन्दर्भमा अध्यक्षज्यूको आज्ञाले उदघोषक कम्पनीका कानुनी सल्लाहकार श्री राम प्रसाद खनालले कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०८०/०१/२८ मा स्वयं तथा प्रोक्सीबाट जम्मा ५१५ जना शेयरधनीहरुबाट यस कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ५५.०५% शेयरको प्रतिनिधित्व भएकोले सभा संचालन गर्नको लागि आवश्यक गणपुरक संख्या पुरा भएको व्यहोरा सभालाई जानकारी गराउनु भयो।

### ५) सभाको सभापतित्व

कम्पनीको कानुनी सल्लाहकार तथा कार्यकम उदघोषक राम प्रसाद खनालले सभाको सभापतित्व गरी दिनु हुनको लागि कम्पनी ऐन २०६३ को दफा ७४ (१) वमोजिम अध्यक्ष रामेश्वर थापाज्यूलाई अनुरोध गर्नु भएकोमा अध्यक्षज्यूले सभाको सभापतित्व गर्न स्वीकार गरी आसन ग्रहण गर्नुभयो।

### ६) सभाको विषयसूची

छलफलका विषयहरु :

क. सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फवाट अध्ययक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे।
२. आ.व. २०७८।०७९ को लेखापरिक्षण प्रतिवेदनका सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने बारे।
३. कम्पनी ऐनको दफा १११ वमोजिम आ.व. २०७९।०८० को लागी लेखापरिक्षण गर्नका लागी लेखापरिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने बारे।
४. संचालक समितिको निर्वाचन गर्ने बारे।

ख. विशेष प्रस्तावहरु :

१. आठौं वार्षिक साधारण सभाबाट निर्णय भए वमोजिमको ४०% हकप्रद शेयर सम्वन्धी निर्णय रद्द गरी कम्पनीको चुक्ता पूँजी रु. ३८,६९,७७,५०० को १०० प्रतिशत (अर्थात १:१ को अनुपातमा ) हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने बारे।
२. कम्पनीको पूँजी बृद्धि गर्ने सम्वन्धमा प्रवन्धपत्रमा संशोधन गर्ने प्रस्ताब पारित गर्ने र सो सम्वन्धमा नियमनकारी निकायहरुवाट कुनै परिमार्जन गर्न निर्देशन भएमा सो वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने बारे।

ग. विविध।

७) संचालक समितिको प्रतिवेदन प्रस्तुति

सभाका सभापति तथा संचालक समितिका अध्यक्ष रामेश्वर थापाज्यूले नवौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्दै सभामा संचालक समितिको प्रतिवेदन पेश गर्नु भयो । तत्पश्चात प्रतिवेदन उपर राय, जिज्ञासा, सोधनी, सुझाव एवं प्रतिक्रिया पेश गर्नको लागि शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न शेयरधनी महानुभावहरुले प्रतिवेदन उपर देहायका प्रतिकृया तथा सुझावहरु पेश गर्नुभयो ।

८) सभामा शेयरधनीहरुले राख्नु भएका जिज्ञासा, प्रतिकृया तथा सुझावहरु

शिव पौडेल

बिभिन्न आरोह अवरोह बिच ४ मेगावाट क्षमताको आयोजना निर्माण सम्पन्न गर्नु भएकोमा कम्पनीको संचालक समिति तथा व्यवस्थापक र सम्पूर्ण कर्मचारीहरुमा धन्यबाद । कम्पनीले शेयरधनीहरुलाई १:१ को अनुपातमा हकप्रद शेयर दिन लाग्नु भएकोमा लगानीकर्ताहरुलाई खुसी बनाएको छ, त्यसबाट संकलन भएको रकम राम्रो प्रतिफल दिने आयोजनामा लगानी गरेर कम्पनीको आर्थिक अवस्था केहि हदसम्म सबल बनाउने तिर लाग्नुहोस । आगामी दिनहरुमा कम्पनीले नगद र बोनस दिए राम्रो हुने छ भन्ने आशा राखेको छु । गत वर्षको बाढी पहिरोबाट आयोजनालाई कस्तो असर परेको छ ? इन्स्योरेन्सको के कस्तो अवस्था रहेको छ ?

अमिर दास रंजित

साधारण सभा ढिला हुन गएकोमा गुनासो छ, यस वर्ष पनि लगानीकर्ताहरुको खालिहात हुने भयो । नेपाल विद्युत प्राधिकरणबाट आयोजनाहरुलाई असहयोग गरेकोमा सहजिकरणको लागी पहल गर्नुपर्ने छ साथै कम्पनीले विगत वर्षहरुमा बोनस दिइरहेकोमा यस वर्ष पनि आशा गरेका थियौ तथापी १:१ को अनुपातमा हकप्रद शेयर दिन लाग्नु भएकोमा धन्यवाद साथै यस वर्ष कम्पनीले लगानीकर्ताहरुलाई नगद बोनश दिन नसकेता पनि हकप्रद शेयर दिए पछि आगामी वर्षमा लाभांश दिनु हुनेछ भन्ने आशा राखेका छौं ।

कल्पना देवि पिया श्रेष्ठ

आजभोलिको दिनहरुमा प्रिन्टमिडियाहरु प्राय नहेरिने भएबाट मोबाइल म्यासेज ग्रुप बनाएर कम्तिमा प्रोमोटरहरुलाई भए पनि म्यासेज पठाउने व्यवस्था गर्नुपर्यो, वार्षिक प्रतिवेदनहरु पठाउने व्यवस्था गर्नु पर्यो । मैले त प्रतिवेदन पाए तर मेरै धेरै आफन्तहरु यस कम्पनीको शेयरधनिहरुले नपाएको र वहाहरुको गुनासो यहाँ राखेको भन्नु भयो । साधारण सभा गर्न ढिला भयो । १:१ को अनुपातमा राइट शेयर जारी गर्न लाग्नु भएकोमा धन्यबाद ज्ञापन, परियोजनामा लगानी गर्न लाग्नु भएकोमा स्वागत साथै राइट शेयर चाडो भन्दा चाडो जारी गर्नु भन्ने सुझाव पनि दिनुभयो ।

डमरु बल्लभ घिमिरे

४० प्रतिशत हकप्रद शेयर रद्द गरि त्यसपछि १०० प्रतिशत हकप्रद शेयर जारी गर्नका लागी विद्युत नियमन आयोगबाट स्वीकृती प्राप्त गर्नु भएकोमा धन्यबाद । अन्य ठुलो परियोजनामा लगानी गर्ने निर्णय गरिएकोमा त्यसका लागी धन्यवाद । देशको हालको अर्थतन्त्रको अवस्था पनि सुधार हुदै गएकोमा हकप्रद ठिक रहेको भन्नुभयो ।

लवराज जोशी

कम्पनीको संचालन खर्च र प्रशासनिक खर्च कम गर्नु प-यो । वार्षिक प्रतिवेदनलाई सम्भव भएसम्म नेपालीमा पनि प्रकाशन गर्नु प-यो । १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्न लाग्नु भएकोमा अग्रिम बधाई । हकप्रद शेयर चाडो भन्दा चाडो हामी लगानीकर्ताहरुले भर्न पाउ शुभकामना ।

CHHYANGDI Hydropower Ltd

९) **जिज्ञासाहरु उपर जवाफ**

कम्पनीका अध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृतलाई शेयरधनीहरुबाट सोधनी भएका प्रश्नहरु एवं जिज्ञासाहरु उपर प्रकाश पारिदिन अनुरोध गर्नुभए वमोजिम कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री लाल बहादुर थापाले कम्पनीको २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका बिषयहरुका बारेमा सभामा शेयरधनीहरुका तर्फबाट प्राप्त सवाल, जिज्ञासा र सोधनीका सम्वन्धमा निम्न वमोजिमको जवाफ प्रस्तुत गर्नुभयो ।

१) यथासक्य चाडो प्रकियामा गएर सम्बन्धित निकायको स्वीकृति पश्चात १०० प्रतिशत हकप्रद शेयर जारि गरिने व्यहोरा अनुरोध छ ।

२) यस वर्ष हकप्रद जारी गर्न पुर्व विद्युत नियमन आयोगबाट पुर्व स्वीकृत लिनु पर्ने भएबाट केही महिना साधारण सभा ढिला हुन गएको जानकारी गराउनु भयो, कम्पनीको आर्थिक हिसाव किताबको समयमा नै अडिट गराउने छौं ।

३) यस वर्ष मोवाइल म्यासेज सबैमा पुग्न नसकेकोमा क्षमा माग्दै आगामी वर्षहरुमा सकेसम्म मोवाइल म्यासेज पठाउने जानकारी गराउनु भयो ।

४) गत वर्ष विधुत प्राधिकरणसँग भएको मुल सम्झौतामा टेक अर पे भएता पनि विद्युत उत्पादन पश्चात जडानको समयमा भएको सम्झौता कन्टीन्जेन्सी भएको हुदा ४ मेगावाटको आयोजना असारबाट बन्द गर्नु परेको कारण र २ मेगावाट आयोजनाको ट्रान्सफर्मर विग्रेको कारण आयोजनाहरुबाट प्राप्त हुने आम्दानीमा कमी हुन गयो ।

५) हकप्रदबाट प्राप्त रकमलाई केही रकम बैंकको साँवा तिर्न र केहि रकम ५.७.५ मेगावाटको नुप्चे लिखु जलविद्युत आयोजनामा लगानी गरिने जानकारी गराउनु भयो ।

६) सकेसम्म आयोजनाहरुको सँचालन र प्रशासानिक खर्चहरु कम गरिने साथै प्रतिवेदनमा हामीले अडिटरको रिर्पोटहरु आउदा अँग्रेजीमा आउने र त्यसलाई नेपाली रुपान्तर गर्दा भावार्थ फरक देखीने भएकोले नेपालीमा प्रकाशन नगरिएको हो ।

शेयरधनी महानुभावहरुबाट सोधनी भएका प्रश्न एवं जिज्ञासाहरुको जवाफ पश्चात प्रमुख कार्यकारी अधिकृत लाल बहादुर थापाले शेयरधनी महानुभावहरुलाई भविष्यमा अन्य जानकारी आवश्यक भएमा कुनै पनि समय कम्पनीमा आएर शेयरधनी महानुभावहरुले जानकारी लिन सक्नु हुने व्यहोरा सभामा जानकारी गराउनु भए पश्चात साधारण सभाका लागि निर्दिष्ट गरिएका प्रस्तावहरुका सम्वन्धमा देहाय वमोजिमका निर्णयहरु गरियो ।

**१०) नवौं वार्षिक साधारण सभाका निर्णयहरु:**

**क. सामान्य प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु :**

**निर्णय नं. १**

संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २**

आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण तथा इक्वीटिमा भएको परिवर्तन र सम्वन्धीत अनुसूचि लगायतका वित्तिय बिवरणहरु उपर छलफल गरी सर्वसम्मतिले पारित गरियो ।



CamScanner

**निर्णय नं. ३**

आ.व. २०७९/०८० का लागी लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा छलफल हुँदा यस कम्पनीको आ.व. २०७९/०८० लेखापरीक्षण गर्नको लागी लेखापरिक्षण समितिको सिफारिस बमोजिम R. Sapkota & Associates का सिए श्री रबिन सापकोटालाई मु.अ. कर सहित रु ३,३९,०००।- (अक्षरुपी तिन लाख उन्चालिस हजार मात्र) उपलब्ध गराउने गरी नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरियो ।

**निर्णय नं. ४**

संचालकको निर्वाचन सम्वन्धमा छलफल हुदाँ यस कम्पनीको साविकको संचालकहरुको कार्यकाल ४(चार) वर्ष पुरा भएको हुदा कम्पनी ऐन २०६३ तथा यस कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम आउदो ४ बर्षे कार्यकालका लागि संचालकहरुको निर्वाचनका लागि अधिवक्ता श्री मधुकर रिजाललाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गरिएको र निजले संचालकहरुको निर्वाचनका लागि आवश्यक प्रक्रिया सहित यस कम्पनीको रजिष्टर्ड कार्यालयमा रहेको सूचना पाटीमा सूचना टाँस गरिएको र तोकिएको अवधिमा शेयरधनीहरु मध्ये श्री रामेश्वर थापा, श्री अमरनाथ श्रेष्ठ, श्री टेकनाथ आचार्य, श्री उत्सव पिया, श्री बैकुण्ठ पौडेल र श्री तिना राजभण्डारीले संचालकको पदमा मनोनयन दर्ता गराउनु भएको तथा उक्त मनोनयन संचालकका लागि आवश्यक संख्यामा मात्र भएकोले संचालकको पदमा मनोनयन गराउनु भएका शेयरधनीहरुलाई निर्वाचन अधिकृतद्धारा निर्विरोध निर्वाचित भएको जानकारी सभालाई गराउनु भयो । साथै उपरोक्त शेयरधनीहरुलाई संचालकमा निर्विरोध निर्वाचित् भएको सभालाई जानकारी पश्चात् स्वतन्त्र संचालकको नियुक्ति प्रक्रियालाई समेत सभामा प्रस्तुत गर्दा स्वतन्त्र संचालक नियुक्त गर्ने जिम्मेवारी नव निर्वाचित संचालक समितिलाई दिनेगरी आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो ।

**ख. विशेष प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु:**

**निर्णय नं. १**

कम्पनीको आठौं वार्षिक साधारण सभाबाट स्विकृत ४० प्रतिशत हकप्रद शेयर निष्काशनको रद्द गरी यस कम्पनीको संचालक समितिको निर्णयबाट पारित भई विद्युत नियमन आयोगको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पूँजी रु. ३८,६९,७७,५०० को १०० प्रतिशत (अर्थात १:१ को अनुपातमा ) हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. २**

कम्पनीको पूँजी बृद्धि गर्ने तथा प्रवन्धपत्रमा संशोधन गर्ने सम्वन्धमा छलफल गर्दा कम्पनीको पूँजी संरचना तपसिल बमोजिम हुनेगरी कायम गर्ने र उक्त पूँजी संरचना कायम भए पश्चात् सो सँग सम्वन्धीत प्रबन्ध पत्रको दफा ६ (क), (ख) र (ग) मा समेत तपसिलै बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय गरियो । पूँजी बृद्धि तथा दफा नियम संशोधन सम्वन्धमा नियमनकारी निकायहरुवाट कुनै परिमार्जन गर्न निर्देशन भएमा सो वमोजिम गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो ।

पूँजी वृद्धि पश्चात् कायम हुने पूँजीको संरचना

| क.सं. | पूँजी | रकम |
|---|---|---|
| १ | अधिकृत पूँजी | रु.१,००,००,००,०००/- (अक्षेरुपी एक अरब मात्र) |
| २ | जारी पूँजी | रु.७७,३९,५५,००० (अक्षेरुपी सतहत्तर करोड उन्चालिस लाख पचपन्न हजार मात्र) |
| ३ | चुक्ता पूँजी | रु.७७,३९,५५,००० (अक्षेरुपी सतहत्तर करोड उन्चालिस लाख पचपन्न हजार मात्र) |



CamScanner

**प्रबन्ध पत्रतर्फ संशोधित दफाहरु**

**प्रबन्ध पत्रको दफा ६**

क) कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००।- (अक्षरेपी एक अरव मात्र) हुनेछ र सो पूँजीलाइ प्रति शेयर रु १०० का दरले १०,०००,००० (एक करोड मात्र) थान साधारण शेयरमा बिभाजित गरिएको छ ।

ख) कम्पनीको जारी पूँजी रु. ७७,३९,५५,०००।- (अक्षेरुपी सतहत्तर करोड उन्चालिस लाख पचपन्न हजार मात्र) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु १०० का दरले ७७,३९,५५० थान साधारण शेयरमा विभाजित गरिएको छ ।

ग) कम्पनीको चुक्ता पूँजी रु. ७७,३९,५५,०००।- (अक्षेरुपी सतहत्तर करोड उन्चालिस लाख पचपन्न हजार मात्र) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु १०० का दरले ७७,३९,५५० थान साधारण शेयरमा विभाजित गरिएको छ ।

**ग. विविध**

विविध अन्तर्गत विधिवत रुपमा अन्य छलफलका विषयहरु नभएकोले आजको यस सभाका सभापतीज्यूले नवौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उहाँहरुको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसै गरी नवौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने विद्युत नियमन आयोग, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., लेखापरीक्षक, कम्पनीका संचालकहरु, प्रमुख कार्यकारी अधिकृत एवं कर्मचारीहरुलाई उहाँहरुवाट प्राप्त सहयोगको लागि हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै नवौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(रमेश कुमार थापा)
कम्पनी सचिव

(रामेश्वर थापा)
साधारण सभाका अध्यक्ष

मिति : २०८०/०१/२८



CamScanner